राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनाको नमुना

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय बर्मेलीटोल-६, कपिलवस्तु

# पुराना सवारी साधनको लिलाम बिक्री सम्बन्धि सिलबन्दी बोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मितिः-२०७५/०४/१७ गते ।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय कपिलबस्तुमा रहेको तपसिलका बमोजिम सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक ब्यक्ति,फर्म,संस्था वा कम्पनीहरुबाट रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| सि.नं. | सामानको बिवरण | संख्या | प्रतिथान न्युनतम मुल्य रु. मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | टाटा वानटन ट्रक | १(एक) थान | १,२०,०००।- | १,०००।- | नामसारी हुने |

बोलपत्र फाराम श्री जिल्ला प्रशासन कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय कपिलबस्तुबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१औं दिन (मिति २०७५/०५/०६ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्रदाताले कुल कवोल अंकको १०% ले हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय तौलिहवाको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय तौलिहवाको धरौटि खाता नं.०३११०२०३००००००० यस कार्यालयको कोड नं.३८-३१४-१२ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नुपर्ने छ । सिलबन्दी बोलपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले २२औं दिन (मिति २०७५/०५/०७ गते) को १२:०० बजे भित्र श्री जिल्ला प्रशासन कार्यालय र यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ , दाखिला भएको बोलपत्र फारामहरु सोहि दिनको १५:०० बजे यस कार्यालयमा खोलिने छ । उल्लेखित सवारी साधन हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको फोन नं.०७६-६२०२५५ मा सम्पर्क राख्न सकिनेछ ।स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० दिनभित्र आफुले कवोल गरेको सम्पुर्ण रकम र १३ प्रतिशत मु.अ.कर यस कार्यालयमा बुझाई सवारी साधन उठाई लैजानु पर्नेछ, सो नगरेमा बोलपत्र जमानत रकम जफत गरिनेछ । अन्य शर्तहरु बोलपत्र फाराममा नै उल्लेखित गरिएको छ । यस सम्बन्धि सुचना सशस्त्र प्रहरी बल नेपालको Web site WWW.apf.gov.np मा समेत राखिएको छ ।

सरकार

मन्त्रालय

## सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय बर्मेलीटोल-६,कपिलवस्तु

फाराम नं. ..........

फाराम दस्तुर रु.१,०००।-

### लिलाम बिक्री सम्बन्धि बोलपत्र फाराम

**टाटा वानटन ट्रक थान- १ (एक) लिलाम बिक्री बोलपत्र फाराम**

| सि.नं. | बिवरण | परिमाण | प्रति थान १(एक) को न्युनतम मुल्य रु. | नियमानुसार लाग्ने कर बाहेक प्रतिथान कवोल रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | टाटा वानटन ट्रक ना१ग ५८७ | थान-१ | १,२०,०००।—(एक लाख बिस हजार मात्र) | | |

प्रति थान कबोल रकम अक्षरमा (मु.अ.कर बाहेक)-

जम्मा कबोल रकम अक्षरमा (मु.अ.कर बाहेक)-

दस्तखतः-

बोलपत्र पेश गर्नेको नामः-

ब्यक्ति,फर्म/संस्था वा कम्पनीः-

ब्यक्ति,फर्म/संस्था वा कम्पनीको छापः-

ठेगानाः-

फोन नं.-

ईमेल नं.-

**बोलपत्रका शर्तहरुः-**

(१) बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औ दिन (मिति २०७५/०५/०६ गते) को कार्यालय समयभित्र बोलपत्र फाराम दस्तुर रु.१,०००।— फिर्ता नहुने गरी नगदै तिरी श्री जिल्ला प्रशासन कार्यालय र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

(२) सिलबन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सुचना प्रकाशित भएको मितिले २२औ दिन (मिति २०७५/०५/०७ गते) को १२:०० बजेभित्र श्री जिल्ला प्रशासन कार्यालय र यस कार्यालयमा बोलपत्र फाराम दाखिला गर्नुपर्नेछ ।

(३) श्री जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि ईच्छुक बोलपत्रदाता तथा निजका प्रतिनिधिहरुको रोहवरमा नियमानुसार दर्ता भएका सिलबन्दी बोलपत्रहरु मुल्याङ्कन समिति समक्ष प्रथम पटक सुचना प्रकाशित भएको मितिले २२औ दिन (मिति २०७५/०५/०७ गते) को १५:०० बजे सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा कार्यालय कपिलबस्तुमा खोलिने छ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवश सार्वजानिक बिदा परेमा बिदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

(४) तोकिएको मिति र समयभन्दा पछि प्राप्त हुन आउने कुनैपनि बोलपत्रलाई ढिलो गरी प्राप्त बोलपत्र घोषणा गरी त्यस्तो बोलपत्र अस्वीकार गरी नखोलि बोलपत्रदातालाई फिर्ता पठाईनेछ।

(५) बोलपत्र संशोधन र फिर्ता

(क) बोलपत्र दाखिला पश्चात बोलपत्रदाताले बोलपत्रमा संशोधन गर्न वा फिर्ता लिन सक्नेछ तर बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति र समय भन्दा अगावै संशोधन वा फिर्ता लिन लिखित अनुरोध गर्नु पर्नेछ ।

(ख) बोलपत्रदाताको संशोधन वा फिर्ताको सुचना तयार पारी संकेत गरी चलानी गरिएको हुनुपर्दछ र भित्रि र बाहिरी खाममा रीतपुर्वक फिर्ता वा संशोधन भनी उल्लेख गर्नु पर्नेछ ।

(ग) बोलपत्र दाखिला गर्ने म्याद समाप्त भए पश्चात संशोधन वा फिर्ता लिन पाईने छैन ।

(६) बोलपत्र जमानतः-

(क) बोलपत्रसाथ आफुले कवोल गरेको कुल रकमको १०(दश) प्रतिशतले हुन आउने धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय तौलिहवाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय तौलिहवामा रहेको धरौटी खाता नं.०३११०२०३०००००० र यस कार्यालयको कोड नं. ३८-३१४-१२ मा आफ्नै / फर्मको नाम बाट रकम जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

(ख) बोलपत्र जमानत पेश नगरेको बोलपत्रलाई अप्रभावग्राही भएको कारण जनाई अस्वीकृत गरिनेछ ।

(ग) सफल बोलपत्रदाताले कुल बुझाउनु पर्ने रकम यस कार्यालयमा दाखिला गरेको (३) दिनभित्र अन्य बोलपत्रदाताको बोलपत्र जमानत फिर्ता गरिनेछ ।

(७) लिलाम बिक्री गरिने टाटा वानटन ट्रक नियमानुसार लाग्ने कर बाहेक रु.१,२०,०००।-(एक लाख बिस हजार मात्र) न्युनतम मुल्य कायम गरिएको छ ।

(८) लिलाम बिक्रीको लागी राखिएको टाटा वानटन ट्रक हेर्न ईच्छुक बोलपत्रदाताहरुले कार्यालय समयभित्र सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा.कपिलबस्तु नं.२८ गणमा सम्पर्क राखि हेर्न सक्ने छ ।

(९) बोलपत्र फाराममा कवोल अंक रकम (मु.अ.कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्ने छ । उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

(१०) बोलपत्र मुल्य कवोल गर्दा न्युनतम मुल्यमा नघटाई पेश गर्नुपर्नेछ र न्युनतम मुल्यभन्दा माथी रितपुर्वक दर्ता भएका बीलपत्र मध्ये सबैभन्दा बढी मुल्य कवोल गर्ने ब्यक्ती,फर्म,संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिने छ । स्वीकृत गरिएको जानकारी पत्र सम्बन्धित सकारकर्तालाई दिईएको १० दिन भित्र आफुले कवोल गरेको रकममा १३ प्रतिशत मु.अ.कर थप गरी जम्मा हुन आउने रकम यस कार्यालयमा दाखिला गरि सवारी साधन उठाई लैजानु पर्नेछ । अन्यथाः बोलपत्र रद्ध गरी धरौटी जफत गरिने छ ।

(११) सो सवारी साधन लिलाम सकारकर्ताको नाममा दर्ता नामसारी लगायतका कार्य गर्दा लाग्ने सम्पुर्ण खर्चहरु सकारकर्ताले नै ब्यहोर्नु पर्नेछ ।

(१२) लिलाम सकारकर्ताले नियमानुसार राखेको बोलपत्र जमानत उक्त सवारी साधन उठाई लगे पश्चात मात्र फुकुवा गरिनेछ ।

(१३) लिलाममा भाग लिन चाहने ब्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म,संस्था वा कम्पनिहरुले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(१४) लिलाम गरिने सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा नै सकार गर्नुपर्नेछ (१५) सवारी साधन लिलाम बिक्री भएपछि नामसारी दर्ता सम्बन्धमा नेपाल सरकारको निति अनुसार हुनेछ ।

(१६) लिलाम सकार गरेपछि सवारी साधन दर्ता गर्ने जिम्मेवारी सकारकर्ताको नै हुनेछ ।

(१७) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(१८) यस बोलपत्रमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।